# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



(२०७७ कार्तिक – पुस)

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं

२०७७ माघ

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | १-१ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | १-३ |
| ३. | कार्यालयमा रहने कर्मचारी विवरण | ३-६ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७-८ |
| ५. | सम्पादन गरेका कामको विवरण | ९-२८ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २७८-२९ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | २९-३० |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३०-३४ |
| ९. | कार्यालयको वेबसाइट | ३५-३५ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३५-३६ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासकीय प्रबन्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै समग्र राष्ट्रको नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही र जन उत्तरदायी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्य क्षेत्रभित्र पर्छन् । साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वयको नेतृत्वसमेत यो कार्यालयको जिम्मेवारीमा रहेको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पादन गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छ ।

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव समितिको सचिव रहने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ का अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कुटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरूद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरूपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजश्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजश्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष संचालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको संचालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा २३३ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेको छ । यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्य सचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहतमा पाँच जना सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न ११ वटा महाशाखा हेर्ने गरी ११ जना सहसचिव (रा.प.प्रथम श्रेणी) को दरवन्दी रहेको छ । प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । यस कार्यालयको दरवन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ ।

# दरबन्दी तेरिज

| सि.न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | मुख्य सचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २ | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | ४ |
| ३ | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ९ |
| ५ | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ६ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २३ |
| ७ | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ८ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| ९ | उप-सचिव | रा.प. द्वितीय | तथ्याङ्क | तथ्याङ्क | | १ |
| १० | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| ११ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ४२ |
| १२ | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १४ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | २ |
| १५ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | ३ |
| १६ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | १ |
| १७ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | तथ्याङ्क | तथ्याङ्क | – | १ |
| १८ | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | – | १ |
| १९ | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २० | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | २० |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २२ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम(प्रा.) | विविध | – | – | ३४ |
| २३ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम(प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | – | १ |
| २४ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम(प्रा.) | ई. | मे.ई | – | १ |
| २५ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ५ |
| २६ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | १ |
| २७ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |
| २९ | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३० | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |
| ३१ | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३२ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३३ | का.स.(बगैचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ३४ | का.स.(सरसफाई) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ७ |
| ३५ | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | २ |
| | **जम्मा** | | | | | **२३३** |

## सेवा करारबाट पूर्ति गरिने थप पद

| **सि.न.** | **पदको नाम** | **श्रेणी/तह** | **सेवा** | **समूह** | **उपसमूह** |
|---|---|---|---|---|---|
| १. | प्रेस सल्लाहकार | - | - | - | - |
| २. | भाषण, मन्तव्य तथा वक्तव्य मस्यौदा विज्ञ | - | - | - | - |
| ३. | सूचना प्रविधि तथा सञ्चार विज्ञ | - | - | - | - |
| ४. | कार्यक्रम उत्पादन तथा प्रसारण विज्ञ | - | - | - | - |
| ५. | कम्प्युटर टेक्निसियन | रा.प.अनं.प्रथम | विविध | | |
| ६. | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | ई. | ई. एण्ड क. | |
| ७. | लिफ्ट अपरेटर | रा.प.अनं.द्वितीय | ई. | ड्लेक्ट्रिकल | |
| ८. | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – |
| ९. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – |
| | जम्मा | | | | |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी

| महाशाखा/शाखाको नाम | जिम्मेवार पदाधिकारी |
|---|---|
| **सचिव, मन्त्रिपरिषद्, संवैधानिक निकाय तथा नतिजा व्यवस्थापन** | **सचिव डा. तीर्थराज ढकाल** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | उपसचिव श्री समन्तमणि आचार्य |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री गोकुल बस्नेत |
| **३. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री बुद्ध बहादुर गुरूङ** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा (केन्द्रीय) | उपसचिव श्री हिरामणि शर्मा |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदिप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री प्रदिप श्रेष्ठ |
| **४. प्रशासन महाशाखा** | **सहसचिव श्री शंकर नेपाल** |
| (क) प्रशासन शाखा | उपसचिव श्री विनोद कुमार दाहाल |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री विश्व प्रसाद अर्याल |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| **सामाजिक विकास तथा प्रादेशिक समन्वय** | **सचिव श्री खगराज बराल** |
| **१. सामाजिक विकास तथा रूपान्तरण महाशाखा** | **सहसचिव श्री किरण राज शर्मा** |
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| **२. प्रादेशिक समन्वय तथा योजना महाशाखा** | **सहसचिव श्री नारायण अधिकारी** |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री अञ्जनकुमार मिश्र |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री इन्द्र प्रसाद बस्याल |
| **राष्ट्रिय सुरक्षा तथा सुशासन** | **सचिव श्री महेन्द्रप्रसाद गुरागाई** |
| **१. राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा** | **सहसचिव श्री नारायण अधिकारी** |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री कविता फुयाल |
| (ख) सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री कविता फुयाल |
| **२. शासकीय सुधार महाशाखा** | **सहसचिव श्री किरण राज शर्मा** |
| (क) सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री कुलबहादुर जी.सी. |
| (ख) सम्पत्ति शुद्धिकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री कुलबहादुर जी.सी. |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री छविलाल पाण्डे |
| **३. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री आनन्द काफ्ले** |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री गोकुल खड्का |

| | |
|---|---|
| (ख) नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा | उपसचिव श्री ज्ञानहरि घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| **आर्थिक तथा पूर्वाधार विकास** | **सचिव श्री तोयनारायण ज्ञवाली** |
| **१. लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा** | **सहसचिव श्री ध्रुव घिमिरे** |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| **२. पूर्वाधार विकास महाशाखा** | **सहसचिव श्री कृष्ण बहादुर राउत** |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री अजिता शर्मा |
| (ख) खानेपानी, सहरी विकास तथा सञ्चार शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| **कानून तथा मानवअधिकार** | **सचिव श्री धनराज ज्ञवाली** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | सहसचिव श्री इन्दिरा दाहाल भट्टराई |
| (क) कानून शाखा | उपसचिव श्री पिताम्बर भण्डारी |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री सम्झना खनाल |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री कोशलचन्द्र सुवेदी** |
| (क) मानव अधिकार शाखा | उपसचिव |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव |

## २०७७ कार्तिकदेखि पुससम्मको अवधिमा अवकाश वा राजीनामाबाट निवृत्त हुनुभएका कर्मचारीहरूको विवरण

| सिनं | कर्मचारीको नाम | पद | संकेत नं | निवृत्त मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सुरेश प्रसाद नेपाल | सहसचिव | ८१९३९ | २०७७/०८/२० | |
| २ | श्री आनन्दराज ढकाल | सचिव | ९२१४९ | २०७७/०९/२१ | |
| ३ | श्री दीपकलाल श्रेष्ठ | सहसचिव | ११०३४९ | २०७७/०९/२३ | |

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रमाना हुनुभएका कर्मचारीहरु:

| सिनं | कर्मचारीको नाम | पद | संकेत नं | रमाना लागु मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री केदार न्यौपाने | सचिव | १७६०५९ | २०७७/०७/०४ | |
| २ | श्री यादवप्रसाद कोइराला | सचिव | ११६९२९ | २०७७/०७/०४ | |
| ३ | श्री मोहन बहादुर जि.सी. | उपसचिव | १६९४८४ | २०७७/०८/१५ | |
| ४ | श्री हुमा कुमारी अधिकारी | क.अ. | १९८९६२ | २०७७/०७/१७ | |
| ५ | श्री टिकाराम तिमिल्सिना | ना.सु. | २०२७४४ | २०७७/०८/२४ | |
| ६ | श्री गोकर्णमणी दुवाडी | सचिव | १७८८७२ | २०७७/०८/२६ | |

|  |  |  |  |  |  |
|---|---|---|---|---|---|
| ७ | श्री कृष्ण खनाल | शा.अ. | २१७०९२ | २०७७/०९/०१ |  |
| ८ | श्री अर्जुनप्रसाद पोखरेल | सचिव | १३८९११ | २०७७/०९/०६ |  |
| ९ | श्री इन्द्रमणी भण्डारी | ना.सु. | १७०५८९ | २०७७/०९/२७ |  |

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरूवा भई आउनुभएका कर्मचारीहरु:**

| सिनं | कर्मचारीको नाम | पद | संकेत नं | हाजिर मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री खगराज बराल | सचिव | १३८७१९ | २०७७/०७/०३ |  |
| २ | श्री सुमन ढकाल | खरिदार | २३३७८३ | २०७७/०८/१२ |  |
| ३ | श्री मञ्जु शर्मा सुवेदी | शा.अ. | १८५७४७ | २०७७/०८/१९ |  |
| ४ | श्री तोयनारायण ज्ञवाली | सचिव | १६०३३४ | २०७७/०८/२४ |  |
| ५ | श्री मणिकुमार राई | शा.अ. | २०२१९४ | २०७७/०८/२५ |  |
| ६ | श्री आनन्द राज ढकाल | सचिव | ९२१४०९ | २०७७/०९/०६ |  |
| ७ | श्री उज्जवल महर्जन | क.अ. | २१९५९१ | २०७७/०९/१० |  |
| ८ | श्री भिसम राई | शा.अ. | २२५३७९ | २०७७/०९/१९ |  |
| ९ | श्री मिन्द्रलाल योङहाङ्ग | शा.अ. | १९८५५९ | २०७७/०९/२८ |  |
| १० | श्री मोतिराम भुसाल | शा.अ. | २०३७५८ | नीति प्रतिष्ठानमा हाजिर |  |

## ५. सम्पादन गरेका कामको विवरण

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०७७/७८ को दोस्रो त्रैमासिक अवधिमा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण निम्नानुसार रहेको छः

- *मन्त्रिपरिषद्का १९ वटा बैठक र २९९ वटा निर्णय भएका, विभिन्न ४ वटा मन्त्रिपरिषद् समितिका १८ वटा बैठक र ३९ वटा निर्णय भएका । सोही अवधिमा एउट सचिव बैठक सम्पन्न भएको ।*
- *यसअघि राष्ट्रिय गौरवका आयोजनाहरूको मात्र प्रगति प्रतिवेदन तयार गर्ने गरिएकोमा मङ्सिरदेखि थप ४३ राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरूलाई छनोट गरी यस कार्यालयको अनलाईन अनुगमन प्रणालीमा आवद्ध गरिएको ।*
- *राष्ट्रिय गौरवका आयोजनाहरू, रूपान्तरणकारी आयोजनाहरू र राष्ट्रिय महत्त्वका अन्य आयोजनाहरू समेतको अनलाईन अनुगमन गरी प्रगति प्रतिवेदन पेश गरिएको ।*
- *मन्त्रिपरिषद् बैठक स्वचालन प्रणाली, मन्त्रिपरिषद् समिति स्वचालन प्रणाली, एकीकृत अनुगमन प्रणालीको स्तरोन्नति गरिएको । विभिन्न निकायसँग आबद्ध गरी नागरिक मोबाइल एपलाई प्रयोगमा ल्याउन सहजीकरण गरिएको ।*

- *कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समितिका विभिन्न निर्णयहरूको कार्यान्वयन गरिएको ।*
- *प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रहेको रकममध्येबाट एक अर्ब रूपैयाँ कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा पठाउने व्यवस्था मिलाइएको ।*
- *नेपालका लागि जापान र अष्ट्रेलियाका आवासीय र नेपालका लागि माल्टा, न्यूजिल्याण्ड, बोत्स्वाना, हंगेरीका गैर-आवासीय राजदूत नियुक्तिको लागि सहमति प्रदान गरिएको ।*
- *नेपालको संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिहरूसहितको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्रीमार्फत् सम्माननीय राष्ट्रपति समक्ष पेश भएको ।*
- *सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी APG (Asia Pacific Group on Money Laundering) ले गर्ने पारस्परिक मूल्याङ्कनको जवाफ लेखन तरिकाबारे सम्बन्धित सबै निकायलाई Technical Compliance र Effectiveness तर्फको अभिमुखीकरण सम्पन्न गरिएको । पारस्परिक मूल्याङ्कनको जवाफ लेखनको लागि प्रतिवेदन लेखन मस्यौदा समिति गठन गरी सोही बमोजिम Technical compliance तर्फको प्रारम्भिक जवाफ लेखन भइरहेको ।*
- *हेलो सरकारमा ५४१ गुनासो प्राप्त भएकोमा २२६ फछर्यौट भएको ।*
- *नेपाल सरकार, मन्त्रिपरिषद्, सम्माननीय प्रधानमन्त्री, श्रीमान् मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका ४३ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन-पत्र तथा प्रतिउत्तर-पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको ।*
- *एउटा विधेयक, विभिन्न ३ वटा नियमावली तथा एक विनियमावली र दुई वटा गठन आदेश स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गरिएको ।*
- *भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरण, प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी सार्वजनिक खरिद, निजी आवास पुनर्निर्माण अनुदान वितरणलगायतका कार्यविधिहरू तयार पारिएको ।*
- *मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) लाई अन्तिम रूप दिइएको ।*
- *मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन (UPR) को लागि तेस्रो चक्रको प्रतिवेदनको पुनरावलोकन कार्य सम्पन्न गरिएको ।*

- *राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित आयोगको २० वर्षका सिफारिसहरू र कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदनअनुसार राहत तथा क्षतिपूर्ति उपलब्ध नगराइएका सिफारिसहरूको विवरणहरू कार्यान्वयनको लागि गृह मन्त्रालय पठाइएको । आयोगबाट यस वर्ष प्राप्त २२ वटा सिफारिसहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको ।*

## ५.१ प्रधानमन्त्रीको निजी सचिवालय

| सि.न. | पत्र प्राप्त निकाय/संस्था/व्यक्ति | संख्या |
|---|---|---|
| १. | मन्त्रालय/निकायमा कार्यार्थ पठाइएका पत्र (बाह्य) | ७९ |
| २. | महाशाखा/शाखामा कार्यार्थ पठाइएका निवेदनहरू | १४५ |
| ३. | सम्माननीय प्रधानमन्त्रीज्यूबाट टिप्पणी सदर | ११ |
| ४. | माननीय उपप्रधानमन्त्री/मन्त्री/राज्यमन्त्रीज्यूहरूको भ्रमण स्वीकृति | १०२ |
| ५. | विश्वविद्यालयसम्बन्धी पत्रहरू | २८ |
| ६. | धन्यवाद ज्ञापन पत्रहरू | २७ |

## ५.२ मुख्यसचिवको सचिवालय

- २०७७ साल कार्तिकदेखि पुससम्म १९ वटा मन्त्रिपरिषद्को बैठक बसी २९९ वटा निर्णयहरू व्यवस्थापनका कार्यमा सञ्चार, समन्वय तथा सहजीकरण गरिएको ।
- यस अवधिमा ४ वटा मं.प. समितिको १८ वटा बैठक बसेको, उक्त बैठक सञ्चालनका लागि आवश्यक समन्वय/सहजीकरण गरिएको ।
- यस अवधिमा मुख्यसचिवज्यूको अध्यक्षतामा बसेको एउटा सचिव बैठकको निर्णयहरू कार्यान्वयनको लागि मन्त्रालय/आयोग/कार्यालयमा पठाइएको र सोको निरन्तर अद्यावधिक भइरहेको ।
- बेरूजु फछ्र्यौट अनुगमन तथा मूल्याङ्कन समितिको २ वटा तथा निजामती अस्पताल बोर्डको २ वटा बैठकको आयोजना गरी निर्णय मस्यौदा कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाइएको ।
- नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्तुत हुने प्रस्ताव सम्बन्धमा विभिन्न विषयगत मन्त्रालयका सचिव, सहसचिवलगायतका पदाधिकारीहरूको सहभागिता रहेको ७० वटा विषयगत बैठक व्यवस्थापनसम्बन्धी कार्य गरिएको ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित बढुवा समितिको १२ वटा बैठकमा श्रीमान् मुख्यसचिव निरन्तर सहभागी भई कार्य फछ्र्यौटमा सहजीकरण गरिएको ।

- नेपाल सरकारको नाममा प्राप्त अध्ययन, तालिम वा भ्रमणसम्बन्धी अवसरको समानुपातिक बाडफाँडको लागि छात्रवृत्ति समितिको एउटा बैठक व्यवस्थापन गरी बैठकका निर्णयहरू कार्यान्वयनको व्यवस्था मिलाईएको ।
- यस अवधिमा सचिवालयबाट करिब ६००० पटक टेलिफोनबाट जनसम्पर्क गर्नुका साथै ४ सय व्यक्तिलाई भेटघाटको व्यवस्था मिलाइएको ।
- विभिन्न बैठकबारे अग्रिम सूचना दिन नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरूलाई Group SMS र Group Mail गरिएको ।
- १२० वटा दैनिक कार्यक्रम मुख्यसचिवज्यू समक्ष प्रस्तुत गरी कार्यक्रमका सम्बन्धमा आदेश भए बमोजिम सञ्चार, समन्वय, सहजीकरण र आवश्यक अन्य व्यवस्थापन गरिएको । कार्यक्रमले निर्दिष्ट गरेबमोजिम अभिलेख तयारी, बैठक आयोजना, अतिथि सत्कारलगायत काम समेत भएको ।
- १२६ वटा पत्रहरूको E-Registration गरी मुख्यसचिवज्यूबाट भएको आदेशानुसार कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरूसमक्ष पठाइएको ।
- सचिवालयबाट हुने निर्णय, निर्देशन, अन्तर र बाह्य निकायबाट प्राप्त हुने निर्णय, निर्देशन र पत्रहरूको अभिलेख राखिएको ।
- लिखित रूपमा तथा टेलिफोनबाट प्राप्त करिव ६० वटा गुनासोहरूको सुनुवाईमा सहजीकरण गरिएको ।
- प्रदेश र स्थानीय निकायको समस्याका सम्बन्धमा केन्द्रीय निकायहरूसँग समन्वय, सहजीकरण गर्ने कामलाई निरन्तरता दिएको ।
- नेपाल सरकारका सचिवहरूको १६ वटा स्वदेश भ्रमण तथा ३ वटा विदाको अभिलेख राख्नुका साथै सचिवहरूबाट प्रस्तुत भएको स्वदेश भ्रमणको प्रतिवेदन कार्यान्वयनको लागि प्र.म. कार्यालयका सम्बन्धित सचिवसमक्ष प्रस्तुत गरिएको । सचिवहरूको हाजिरी र परिचयपत्र व्यवस्थापनसम्बन्धी कार्यहरू गरिएको ।
- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख, नेपाल सरकारका सचिवहरू र अन्य विभागीय प्रमुखहरूको सम्पर्क नम्बर, इमेल र वरियताक्रम अद्यावधिक गरिएको ।
- COVID-१९ संकट व्यवस्थापन केन्द्र सञ्चालन निर्देशक समिति (CCMC) को ५ वटा बैठक र सहजीकरण समितिको २ वटा बैठकको व्वस्थापन गरिएको ।
- श्रीमान् मुख्यसचिवको निर्देशनबमोजिम राष्ट्रिय सर्तकता केन्द्रका प्रमुख अधिकृत र अन्य पदाधिकारीहरूलाई पोशाक, हाजिरी र दैनिक कामका साथै हेलो सरकारमा प्रस्तुत भएको गुनासो सम्बोधनमा सहयोग/सहजीकरण गरिएको ।
- कार्यकारी उच्च व्यवस्थापन समूह (ESMT) को २ वटा बैठक आयोजना गर्ने सम्बन्धमा सञ्चार/समन्वय/सहजीकरण गरी निर्णयको मस्यौदा श्रीमान् मुख्यसचिवज्यू समक्ष प्रस्तुत

गरिएको । साथै उक्त निर्णय कार्यान्वयन र विवरणको निरन्तर अद्यावधिक गर्ने काममा समन्वय गरिएको ।

- २० वटा प्रतिनिधि मण्डलसँग भेट गराई छलफलमा उठेका विषयहरू टिपोट गरी अभिलेख राख्ने काम भएको र उक्त विषयको वस्तुस्थितिबारे श्रीमान् मुख्यसचिवज्यूलाई जानकारी गराइएको ।
- पुरानो कार्यालय भवन पुनर्निर्माणको कार्यप्रगबारेमा मुख्यसचिवज्यूमार्फत् २ पटक निरीक्षण गरी समीक्षा भएको र सचिवालयबाट समेत २ पटक निरीक्षण भई माथिल्लो पदाधिकारी समक्ष सुधारका लागि अनुरोध भएको ।
- दैनिक कार्यालय व्यवस्थापन सम्बन्धी नियमित काम गरिएको तथा श्रीमान् मुख्यसचिव, सचिव तथा सहसचिवहरूबाट आदेश भएबमोजिमका अन्य कार्यहरू गरेको ।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

**मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा**

## ५.३ मन्त्रिपरिषद् बैठक शाखा

| महिना | मन्त्रिपरिषद् बैठक संख्या | निर्णय संख्या |
|---|---|---|
| कार्तिक | ४ | ७४ |
| मंसिर | ८ | १२७ |
| पुस | ७ | ९८ |
| जम्मा | १९ | २९९ |

## ५.४ मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

| क्र.स. | समितिको नाम | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|---|
| १. | विधेयक समिति | ७ | १६ |
| २. | सामाजिक समिति | ५ | ६ |
| ३. | प्रशासन समिति | २ | ४ |
| ४. | आर्थिक पूर्वाधार समिति | ४ | १३ |
| | जम्मा | १८ | ३९ |

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## ५.५ मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा

- मन्त्रिपरिषद् बैठक शाखासँग समन्वय गरी मन्त्रिपरिषद्का २३ औं बैठकदेखि ४२ औं बैठकसम्ममा जम्मा १३० निर्णयहरू सम्बन्धित मन्त्रालयहरूका विद्युतीय प्रणालीमा चरणवद्धरूपमा चलान गरिएको ।

- अघिल्लो त्रैमासिक अवधिका सम्बन्धित मन्त्रालयहरूमा चलान गरिएका मन्त्रिपरिषद् बैठकका निर्णयहरूको कार्यान्वयन विवरणहरूमध्ये २०१ निर्णयहरूको कार्यान्वयन अवस्थितिसम्बन्धी विवरण प्राप्त भएको ।
- मासिक रूपमा सम्बन्धित मन्त्रालयका सम्पर्क व्यक्तिहरूलाई मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वयन अवस्था तथा नेपाल सरकारद्वारा गरिएका राजनीतिक नियुक्तिसम्बन्धी विवरण अद्यावधिक गर्न मौखिक तथा SMS मार्फत् जानकारी दिने गरिएको ।
- मन्त्रिपरिषद् निर्णय कार्यान्वयन तथा अनुगमन प्रणाली (CDIMS) मा देखिएका समस्या तथा आवश्यकताको चरणबद्ध रूपमा प्राविधिकहरूसँग छलफल र परिमार्जन गरिएको।

**प्रशासन महाशाखा**

## ५.६ प्रशासन शाखा

- सम्मानित सर्वोच्च अदालतको आदेशबमोजिम सरकारी सवारी साधन एवं अन्य बेकम्मा सामग्रीहरूको लिलामी र व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रतिवेदन गर्न यस कार्यालयका प्रशासन क्षेत्र हेर्ने श्रीमान् सचिवज्यूको संयोजकत्वमा गठित उच्च स्तरीय समितिलाई सघाउन सरोकारवाला निकायहरूसँग समन्वय, समितिको बैठक व्यवस्थापन एवं प्रतिवेदन तयारीका सन्दर्भमा आवश्यक कार्य गरिएको ।
- सिंहदरबार परिसरभित्रका विभिन्न मन्त्रालय एवं निकायहरूको सरसफाइ व्यवस्थापन, पुराना सवारी साधनहरूको व्यवस्थापन, हरियाली प्रवर्द्धनलगायतका विषयमा अनुगमन गरिएको ।
- कार्यालयको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत कर्मचारीको नियुक्ति, सरूवा, काज, हाजिरी, बिदा, बढुवा, तालिम, छात्रवृत्ति, मनोनयन, निवृत्तभरण तथा अवकाशसँग सम्बन्धित कार्यहरू गरिएको ।
- यस कार्यालयको स्वामित्वमा रहेका जिन्सी सामग्रीहरू तथा आ.व. २०७६/७७ को जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित जिन्सी मालसामानहरूको किसिम, परिमाण तथा भौतिक अवस्था समेत महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको Public Assets Management System मा प्रविष्टि गरिएको ।
- आ.व. २०७६/७७ को जिन्सी निरीक्षण प्रतिवेदनले लिलामीका लागि सिफारिस गरेका जिन्सी मालसामानहरूको लिलामी प्रक्रिया अगाडि बढाइएको ।
- यस कार्यालयको पुरानो भवनको रेट्रोफिट गर्ने कार्यको नियमित अनुगमन गरिएको ।
- कार्यालयको दैनिक कार्य सञ्चालन तथा यस कार्यालयमा आयोजना हुने सीसीएमसी तथा सचिव बैठक लगायतका विभिन्न बैठकका सम्बन्धमा व्यवस्थापकीय कार्य गरिएको ।

## ५.७ आर्थिक प्रशासन शाखा

- आ.व. ०७६/७७ को वार्षिक आर्थिक विवरण तथा अन्य वित्तीय विवरणहरू तयार गरी सम्बद्ध निकायहरूमा नियमित रूपमा पठाइने गरिएको ।
- यस अवधिमा आर्थिक वर्ष २०७६/७७ को खर्च र आम्दानीका श्रोतहरू कोष तथा लेखा नियन्त्रक कार्यालय, सिंहदरबार परिसरबाट खटिई आएका टोलीबाट आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरिएको, साथै म.ले.प.बाट अन्तिम लेखापरीक्षण हुने क्रममा रहेको ।
- आ.व. ०७७/७८ पुस मसान्तसम्मको बेरूजुको लगत तथा प्रगतिको विवरण अद्यावधिक गरिएको ।
- यस कार्यालय र मातहतका निकायहरूको आर्थिक वर्ष २०७६/७७ को विनियोजन, राजस्व र धरौटीतर्फको आर्थिक विवरण संकलन तथा केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखा नियन्त्रकको कार्यालयमा पेश गरिएको ।
- TDS लाई आन्तरिक राजस्व विभागले तयार पारेको सफ्टवेयरमार्फत् प्रविष्टि गर्ने कार्य गरिएको ।
- आर्थिक प्रशासनसँग सम्बन्धित विभिन्न तहबाट माग गरिएको राय समयमा नै उपलब्ध गरिएको ।
- सरकारी खर्चमा मितव्ययिता अपनाउने नीतिलाई अवलम्बन गरिएको ।

(बजेट अङ्कसम्बन्धी थप विवरण यसै प्रतिवेदनको खण्ड ८ मा समावेश गरिएको छ)

## ५.८ सूचना प्रविधि शाखा

- Action Room को Extension को लागि स्टुडियो निर्माण प्रयोजनार्थ नेपाल टेलिभिजनमार्फत् प्राविधिक प्रस्ताव तयार भई आएकोले थप कार्य अगाडि बढाइएको ।
- Retrofitted भवनमा Network Infrastructure (Switch, Firewall, NMS, Screen लगायत CCTV Camera ) को प्राविधिक प्रस्ताव तयार भई Network Infrastructure निर्माण भएको ।
- मन्त्रिपरिषद् बैठक स्वचालन प्रणाली, मन्त्रिपरिषद् समिति स्वचालन प्रणाली, एकीकृत अनुगमन प्रणालीको स्तरोन्नति गरिएको ।
- कार्यालय स्वचालित प्रणालीको प्रयोगका सम्बन्धमा विभिन्न निकायमा गई System Orientation गरिएको ।
- नागरिक मोबाईल एपमा विभिन्न निकायलाई आबद्ध गरी एप प्रयोगमा ल्याउन सहजीकरण गरिएको ।

- कार्यालयमा आएका network तथा अन्य सूचना प्रविधिसँग सम्बन्धित अन्य समस्याहरू समाधान गरिएको ।

**सामाजिक विकास तथा रूपान्तरण महाशाखा**

## ५.९ महिला, बालबालिका तथा जेष्ठ नागरिक र श्रम रोजगार तथा सामाजिक सुरक्षा शाखा, शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- कोरोना रोग रोकथाम, नियन्त्रण तथा उपचार कोषको बैठकको पूर्वतयारी तथा निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा समन्वय गरिएको ।
- कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समितिको बैठकको व्यवस्थापन, निर्णयको मस्यौदा र निर्णय कार्यान्वयनसम्बन्धी कार्य गर्दै आइरहेको ।
- कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषको बैठकमा अर्थ मन्त्रालयबाट सिफारिस भई आएका स्थानीय तह, प्रदेश तह र विभिन्न अस्पतालहरूबाट विभिन्न शिर्षकमा माग भएको रकमलाई शाखाले एजेण्डाको रूपमा तयार गरी कोषको बैठकमा पेश गर्ने गरेको । उक्त कोष सञ्चालक समितिको बैठकको निर्णयानुसार सम्बन्धित निकायहरूलाई रकम निकासाको लागि महालेखा नियन्त्रक कार्यालयलाई लेखि पठाएको ।
- बजेट बक्तव्यको बुँदा नं. २९० मा कोरोना रोकथाम, नियन्त्रण तथा उपचारको काममा सबै तहबाट भएका खर्चलगायत अन्य संघसंस्थाले गरेको खर्चको विवरण पारदर्शी बनाइने व्यवस्था उल्लेख भएको । सो बमोजिम कोरोना रोग रोकथाम, नियन्त्रण तथा उपचार कोषको संचालक समितिको बैठकबाट भएको निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयबाट स्थानीय तह, प्रदेश तह र विभिन्न अस्पतालहरूलाई निकासा भएको खर्चको प्रगति विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् सबै स्थानीय तहलाई, प्रादेशिक समन्वय शाखामार्फत् सातै प्रदेशलाई र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत् विभिन्न अस्पतालहरूको खर्चको विवरण माग गरिएको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समाधान समितिको बैठकमा सहभागिता जनाइएको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको आ. व. २०७७/०७८ को बार्षिक आयोजना तथा कार्यक्रमहरूको प्रगति विवरण तोकिएको समयभित्रै यस कार्यालयको अनलाइन मनिटरिङ्ग प्रणालीमा

मासिकरूपमा प्रविष्टि गर्ने र रेटिङ्ग गरी पठाउन नियमित रूपमा शाखाबाट सम्पर्क र समन्वय गरिएको ।

- संघीय संसद, प्रतिनिधि सभा र राष्ट्रिय सभाअन्तर्गतका विभिन्न समितिहरूबाट भएका निर्णय तथा निर्देशनहरूको कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायहरूमा पठाइएको । सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट विवरण प्राप्त भएपछि समितिहरूमा पठाउने गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यू, मुख्यसचिवज्यू तथा यस कार्यालयलाई सम्बोधन गरी आएका समाजिक क्षेत्रसँग सम्बन्धित विभिन्न निवेदन, उजुरीहरू तथा गुनासोहरूको अध्ययन गरी कार्यान्वयनको लागि सम्बन्धित निकायहरूमा समन्वय गरिएको ।

**प्रादेशिक समन्वय तथा योजना महाशाखा**

## ५.१० प्रादेशिक समन्वय शाखा

- गण्डकी प्रदेश सरकारबाट माग भएको पोखरा महानगर पालिका वडा नं. १८ ग्यारजाती जामुनवोटस्थित श्री रत्न आधारभूत विद्यालयको नाममा रहेको जग्गा प्रदेश सरकारलाई सूचना प्रविधि पार्क निर्माण प्रयोजनका लागि जग्गा उपलब्ध गराउनेसम्बन्धी प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरी नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको ।
- बाग्मती प्रदेश सरकारबाट माग भएको मकवानपुर जिल्ला भिमफेदी गाउँपालिका वडा नं. ६ स्थित भिमफेदी सेठघर हात्तिसार कार्यालयसहितको जग्गालाई हात्तिसार संग्रहालयको रूपमा संरक्षण र व्यवस्थापन गर्न प्रदेश सरकारलाई जग्गा उपलब्ध गराउनेसम्बन्धी प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरी मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको ।
- प्रदेश सरकारबाट माग भई आएका जग्गा, भवन, दरबन्दी संरचना, बजेटलगायतका विषयमा एकीकृत विवरण तयार गरी संघीय मन्त्रालयहरूमा कारवाहीका लागि पठाइएको ।
- संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको प्रगतिको लागि कार्यान्वयन गर्ने मन्त्रालयहरूसँग निरन्तर समन्वय गरिएको ।
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम विषयगत समितको गठनका लागि सङ्घीय मन्त्रालयमा पत्राचार गरी तदनुरूपको प्राप्त प्रगति अद्यावधिक गरिएको ।
- प्रदेश समन्वय परिषद् गठन भएपछि उक्त परिषदबाट भएका निर्णय एवं प्रगति विवरण अद्यावधिक गर्ने प्रयोजनका लागि सबै प्रदेशमा समन्वय एवम् पत्राचार गरिएको ।

- यस कार्यालयबाट विभिन्न मन्त्रालय तथा प्रदेशहरूमा आवश्यक कारवाहीको करिब २५७ थान पत्रहरू पठाइएको ।

## ५.११ योजना, अनुगमन तथा विपद् समन्वय शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको समेत अनलाइन मनिटरिङ्ग प्रणालीमा रहेका क्रियाकलाप तथा माइलस्टोनहरूको मासिक प्रगति प्रविष्टि गरिएको । साथै अन्तर्गतका निकायहरूको मुख्य-मुख्य क्रियाकलाप र माइल्स्टोनहरू अनलाइन मनिटरिङ्ग प्रणालीमार्फत् अनुगमन गर्ने गरिएको ।
- यस कार्यालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिक प्रगति समीक्षा तथा विकास समस्या समाधान समिति (MDAC) को बैठक सम्पन्न गरिएको । समीक्षा बैठकबाट भएका निर्णयहरू अन्तर्गतका निकायहरू र महाशाखा/शाखाहरूमा कार्यान्वयनका लागि पठाइएको । राष्ट्रिय योजना आयोगमा हुने Pre- NDAC राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा सहभागिता जनाइएको ।
- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालक समितिको बैठक बसी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रहेको रकम मध्येबाट रू एक अर्ब रूपैयाँ कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा पठाउनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पठाउन सिफारिस गर्ने निर्णय भएअनुसार प्रस्ताव तयार गरी नेपाल सरकार (म.प) मा पठाइएको ।
- प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति, संघीय संसद, राष्ट्रिय सभाबाट माग भएको आ.व. २०७५/७६ र आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा रहेका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित विषयहरूको एकीकृत प्रगति विवरण तयार गरी पठाइएको ।

**राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा**

## ५.१२ सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा

### ५.१२.१ सूचनाको हक कार्यान्वयन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सम्पर्क विन्दुको रूपमा कार्य गर्ने, सूचना वर्गीकरण समितिसम्बन्धी कार्य गरी समयवद्ध प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को (३) अनुसारका सूचना सूचीकृत गरी प्रकाशन गर्ने, सरोकारवाला व्यक्ति र संस्थाबाट माग भएका सूचना उपलब्ध गराउने र यस कार्यालयबाट प्रकाशित हुने मासिक, आवधिक र वार्षिक प्रतिवेदन प्रकाशन र व्यवस्थापनसम्बन्धी कार्य गर्ने लगायतका सूचनाको हकसम्बन्धी कार्यान्वयनको सन्दर्भमा आर्थिक वर्ष २०७७/७८ को दोस्रो त्रैमासिक अवधिमा

यस शाखामा सूचना उपलब्ध गराई पाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका ६ वटा निवेदनमा आवश्यक कारवाही गरी माग बमोजिमको सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू आवश्यक कारवाहीका लागि तत् तत् निकायमा लेखी पठाइएको । (थप विवरण प्रतिवेदनको सि.नं १० मा समावेश गरिएको छ)

## ५.१२.२ राजदूत नियुक्तिका लागि सहमति

नेपालसँग दौत्यसम्बन्ध कायम भएका मुलुकहरूको राजदूतले पेश गर्ने ओहदाको प्रमाण-पत्र (Credential) सम्बन्धी कार्यहरूको सहजीकरण गर्न यस शाखालाई तोकिएको जिम्मेवारीअन्तर्गत यस शाखाबाट विभिन्न मित्रराष्ट्रका आवासीय र गैर-आवासीय राजदूतहरूको नियुक्ति सहमतिसम्बन्धी कार्य सम्पादन गरिएको । आर्थिक वर्ष २०७७/७८ को दोस्रो त्रैमासिक अवधिमा निम्नानुसारका मित्रराष्ट्रका आवासीय र गैर-आवासीय राजदूतहरूको सहमति प्रदान भएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति | आवासीय/ गैरआवासीय |
|---|---|---|---|---|
| १. | H.E. Mr. Kikuta Yukata | जापान | २०७७/०९/०३ | आवासीय |
| २. | H.E. Ms. Felicity Jane Volk | अष्ट्रेलिया | २०७७/०९/०६ | |
| ३. | H.E. Mr. Reuben Gauci | माल्टा | २०७७/०९/०३ | गैरआवासीय |
| ४. | H.E. Mr. David Gregory Pine | न्यूजिल्याण्ड | २०७७/०९/०३ | |
| ५. | H.E. Mr. Gilbert Shimane Mangole | बोत्स्वाना | २०७७/०९/०३ | |
| ६. | H.E. Mr. Andràs LaszLoó Király | हंगेरी | २०७७/०९/०६ | |

## ५.१२.३ भेटघाट समन्वय गर्ने कार्य

प्रदेश तहका माननीय मुख्यमन्त्री र माननीय मन्त्रीज्यूहरूसँग विदेशी कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरूले गर्ने भेटघाटको सहजीकरणको कार्य समेत यो शाखाबाट हुँदै आएकोमा आ.व. २०७७/७७ को दोस्रो त्रैमासिक अवधिमा विभिन्न विदेशी कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरूका निम्न भेटघाट कार्यक्रमको समन्वय एवम् सहजीकरण गरिएको:

- नेपालका लागि European Union का राजदूत Ms. Nona Deprez र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यू लगायत विभिन्न पदाधिकारीहरूसँगको भेटघाट ।
- नेपालका लागि स्वीटजरल्याण्डकी राजदूत H.E. Ms. Alisabeth vo Capeller र प्रदेश नं. १ का माननीय मुख्यमन्त्रीज्यूलगायतका पदाधिकारीहरूसँगको भेटघाट ।

- गणतन्त्र कोरियाको व्यापारिक र सामाजिक व्यक्तिहरूको एक समूह र बागमती प्रदेशका माननीय मुख्यमन्त्रीज्यूलगायत विभिन्न पदाधिकारीहरूसँगको भेटघाट ।
- नेपालका लागि इजरायलका राजदूत H.E. Mr. Hanan Goder Goldberger र बागमती प्रदेशका माननीय मुख्यमन्त्रीज्यूलगायत विभिन्न पदाधिकारीबीचको भेटघाट ।
- International Finance Corporation (IFC) का क्षेत्रीय निर्देशक Ms. Wendy Werner र प्रदेश नं. १ का माननीय मुख्यमन्त्रीज्यूलगायतका पदाधिकारीहरूसँगको भेटघाट ।

## ५.१३ सूचना समन्वय

- यस कार्यालयसँग सम्बन्धित राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनको एकीकृत कार्ययोजनामा उल्लिखित कार्यहरूलाई वर्गीकरण गरिएको ।
- राष्ट्रिय सुरक्षा नीति, २०७५ को एकीकृत कार्ययोजना कार्यान्वयन गर्न सम्बद्ध केन्द्रीय निकायहरूको सम्पर्क व्यक्ति (Focal Person) तोक्न आश्यक समन्वय गरिएको ।
- राष्ट्रिय सुरक्षा नीतिको बुँदा नं. १६ ग. ६. कार्यान्वयन गर्न प्रत्येक प्रदेशलाई प्रादेशिक समन्वय शाखामार्फत् अनुरोध गरिएको ।
- राष्ट्रिय सुरक्षासँग सम्बन्धित बैठकमा राष्ट्रिय अनुसन्धान विभागबाट प्रतिनिधित्व गर्न माग भएबमोजिम अनुरोध गरिएको ।
- राष्ट्रिय अनुसन्धान विभागको स्याङजा, म्याग्दी र मकवानपुर जिल्लास्थित कार्यालयहरूको जग्गा प्राप्तिमा सहजीकरण गरिएको ।

**शासकीय सुधार महाशाखा**

## ५.१४ सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा

- **नेपाल सरकारको वार्षिक प्रतिवेदन तयारीः** नेपालको संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिसहितको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्रीमार्फत् सम्माननीय राष्ट्रपतिसमक्ष पेश गरिएको ।
- **सम्पत्ति विवरण संकलन एवम् त्यसको अभिलेख व्यवस्थापनः** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउने दायित्व भएका सार्वजनिक पदाधिकारीहरूको आर्थिक वर्ष २०७६/७७ को सम्पत्ति विवरण प्राप्त गरी सोको अभिलेख राखिएको । साथै समयमै सम्पत्ति विवरण नबुझाउने पदाधिकारीहरूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रानुसार जरिवाना दाखिला गर्न लगाई भौचरसहित पेश गर्न पत्राचार गरिएको ।

- **सचिव बैठकः** मिति २०७७/०८/२२ मा सचिव बैठक सम्पन्न गरी उक्त बैठकका निर्णयहरू कार्यान्वयनका लागि सबै मन्त्रालय/निकायमा पत्राचार गरिएको ।
- **विस्तारित उच्च व्यवस्थापन समूह (E-SMT) को बैठकः** मिति २०७७/०९/२७ गते मुख्य सचिवज्यूको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय तथा सो अन्तर्गतका उच्च पदाधिकारीहरू सम्मिलित विस्तारित उच्च व्यवस्थापन समूह (E-SMT) को बैठक सम्पन्न गरी उक्त बैठकका निर्णय सम्बन्धित निकाय/पदाधिकारीहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको ।
- **पूर्व उच्च पदाधिकारीहरूको सेवा सुबिधा सम्बन्धमाः** सम्मानित सर्वोच्च अदालतको मिति २०६८/०८/२२ गते नेपाल सरकारका नाममा दिएको निर्देशनात्मक आदेश कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरू तथा सरोकारवाला उच्च पदाधिकारीहरूबीच बैठक बसी सरकारी कोषमा आर्थिक भार पर्ने गरी पूर्व उच्च पदाधिकारीहरूलाई दिइएको सेवा सुबिधा सम्बन्धमा छलफल गरी तयार पारिएको प्रतिवेदन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको ।
- **उजुरी/गुनासोहरूको सम्बोधनः** विभिन्न व्यक्ति/संस्थाहरूबाट प्राप्त ज्ञापनपत्र/उजुरी/गुनासोहरू सम्बोधनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पठाइएको ।

---

## ५.१५ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

---

- मिति २०७७/०७/२५ मा सम्पति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ८ बमोजिम गठित राष्ट्रिय समन्वय समितिको १०४ औं बैठक सम्पन्न भएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी APG (Asia Pacific Group on Money Laundering) ले गर्ने पारस्परिक मूल्याङ्कनको जवाफ लेखन तरिकाबारे सम्बन्धित निकायहरूलाई Technical Compliance र Effectiveness तर्फको अभिमुखीकरण दिइएको ।
- पारस्परिक मूल्याङ्कनको जवाफ लेखनको लागि प्रतिवेदन लेखन मस्यौदा समिति गठन गरी सोही बमोजिम Technical compliance तर्फको प्रारम्भिक जवाफ लेखन कार्य भइरहेको ।
- AML/CFT (Anti Money Laundering and Combating the Financing of Terrorism) Reporting System Software निर्माणको लागि कार्यदल गठन भएको । उक्त कार्यदलले प्रतिवेदन फारमहरूको अध्ययन, छलफल तथा परिमार्जन गरी कार्य अगाडि बढाएको ।
- सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) को थप छपाईको लागि लागत अनुमान तयार गरिएको ।

- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र गोदावरी नगरपालिका नगर कार्यपालिकाद्वारा यस कार्यालयलाई जफत गरिएको सवारी साधन उपलब्ध गराउन भनी अनुरोध गरी लेखिएको पत्रको व्यहोरा राजस्व अनुसन्धान विभागमा पठाइएको।
- सन् २०२०/२१ मा APG (Asia Pacific Group on Money Laundering) बाट हुन गइरहेको नेपालको AML/CFT क्षेत्रको पारस्परिक मूल्याङ्कन कार्यको लागि आवश्यक ऐन, नियमावली र अन्य विभिन्न कागजातहरू अंग्रेजीमा अनुवाद गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत् पठाइएको कानून किताब व्यवस्था समितिको लागत अनुमान अर्थ मन्त्रालयमा पठाइएको ।

## ५.१६ हेलो सरकार कक्ष

हेलो सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित रहेर प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाई गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्यसंचालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्द्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीले देहायबमोजिमको माध्यमबाट शाखामा सूचना दिन सकिनेछ ।

- टोल फ्रि टेलिफोन नम्बर ११११ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको ११११@nepal.gov.np मा ईमेल गरेर ।
- कार्यालयको Website www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- Twitter तथा Facebook पेजको गुनासो गेट ।
- मोबाइल Apps मा गुनासो पठाएर।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- SMS मा गुनासो पठाएर ।
- Viber मार्फत् गुनासो पठाएर ।
- अन्य

- २०७७ कार्तिकदेखि २०७७ पुससम्मको गुनासोहरूको अवस्था निम्नानुसार रहेकोः

| गुनासोको अवस्था | गुनासोको सङ्ख्या |
|---|---|
| कुल प्राप्त गुनासो/Total complain | ५४१ |
| फछ्र्यौट भएको/ Closed | २२६ |
| प्रक्रियामा रहेको / Processing | १३३ |
| नहेरिएको/Not Seen | १२ |
| हेरिएको तर काम नभएको /Seen /pending | १०४ |
| Reassign/Unseen पुनः पठाइएको तर नहेरिएको | ६५ |
| समाधान भएको तर फछ्र्यौट नभएको/ Solved | १ |

**नतिजा व्यवस्थापन महाशाखा**

## ५.१७ तत्काल समस्या समाधान केन्द्र

- यसअघि राष्ट्रिय गौरवका आयोजनाहरूको मात्र प्रगति प्रतिवेदन तयार गर्ने गरिएकोमा मङ्सिरदेखि थप ४३ राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरूको छनोट गरी यस कार्यालयको अनलाईन अनुगमन प्रणालीमा आवद्ध गरिएको ।
- राष्ट्रिय गौरवका आयोजनाहरू, रूपान्तरणकारी आयोजनाहरू र राष्ट्रिय महत्त्वका अन्य आयोजनाहरूको समेत अनलाइन अनुगमन तथा प्रगति प्रतिवेदन तयार गरी पेश गरिएको ।
- मासिकरूपमा प्रगति विवरण संकलन गरी सोको प्रतिवेदन तयार गरिएको ।
- २०७७/०९/२८ गते केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठक आयोजना गरिएको।
- नेपाल सरकारको पछिल्लो ३ वर्षको कार्यकालको उपलब्धि तथा प्रगति तथ्याङ्क संकलन/प्रतिवेदन गर्ने कार्य गरिएको ।

## ५.१८ नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- आर्थिक वर्ष २०७७/७८ को मन्त्रालय/निकायहरूको वार्षिक कार्ययोजनाबमोजिम यस कार्यालयको अनुगमन प्रणालीमा प्राप्त प्रगतिको मासिक रूपमा प्रतिवेदन तयार गरिएको ।
- नेपाल सरकारका राष्ट्रिय नीति सम्बन्धी अध्ययन (Policy Audit) सम्बन्धी कार्य चालू रहेको।

**लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा**

## ५.१९ कृषि, वन तथा वातावरण शाखा, अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा

- मिति २०७७/०९/१३ मा नेपालमा व्यवसाय सञ्चालनको वातावरण सुदृढीकरण गर्ने सम्बन्धमा व्यवसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको बैठक बसी सम्बन्धित मन्त्रालयका व्यवसाय सहजीकरण एकाई प्रमुखसँग हालसम्म भएका प्रगति सम्बन्धमा छलफल गरिएको । साथै नेपालमा व्यवसाय सञ्चालनको वातावरण सुदृढीकरण गर्ने सम्बन्धमा Doing Business का सूचकलाई ध्यानमा राखी आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित क्षेत्रको आगामी ६ महिनाको कार्ययोजना तयार गरी १५ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने निर्णय भएको ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट राय सुझावको लागि प्राप्त प्राङ्गारिक जीवाणु मल नियमन निर्देशिका, २०७७ मा यस कार्यालयको राय सुझाव पठाएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यू, श्रीमान् मुख्यसचिवज्यू तथा कार्यालयलाई सम्बोधन गरी प्राप्त भएका निवेदन, उजुरी गुनासोहरूलाई सम्बन्धित निकायमा पठाएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्का समितिहरूमा प्राप्त नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरू अध्ययन गरी विवरण तयार पारिएको ।
- समसामयिक समस्या तथा विषयहरूको सम्बन्धमा सम्बन्धित निकायहरूसँग छलफल गरी आवश्यक निर्णय गरिएको।

**पूर्वाधार विकास महाशाखा**

## ५.२० भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा शाखा, खानेपानी, सहरी विकास तथा सञ्चार शाखा

- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका ६ वटा आयोजनाहरूको प्रगति समीक्षा सम्पन्न गरिएको ।
- राष्ट्रिय अनुसन्धान नीति, पुनर्बीमा नीति, राष्ट्रिय नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक योजना लगायत आधा दर्जनभन्दा बढी नीति तथा कार्यविधिहरूमा राय सुझाव दिइएको ।
- ट्राफिक व्यवस्थापनसम्बन्धी अल्पकालीन कार्ययोजना, २०७६ को हालसम्मको प्रगति अद्यावधिक गरिएको ।
- जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को अध्ययनका लागि अवधारणापत्र (Terms of Reference) तयार गरी अध्ययन कार्यदल गठन, चेकलिष्ट तयारी, कार्यक्रम तथा आयोजनाको बजेट तथा खर्चको विवरण संकलन, आवधिक योजनाहरू र वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित विषयहरूको अध्ययन तथा संकलन गरिएको ।

- सार्वजनिक खरिद नियमावलीको ८ औं, ९ औं र १० औं संशोधनका विषयहरूको तीन महले विवरण संकलन गरी अध्ययन गरिएको ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत् भइरहेका सिंहदरबार मुख्य प्रशासनिक भवनको पुनर्निर्माणसम्बन्धी कार्यको Quality Assurance Plan माग गरी छलफल गरिएको ।

**कानून तथा फैसला कार्यान्वयन महाशाखा**

## ५.२१ कानून शाखा, फैसला कार्यान्वयन शाखा

| क्र.सं. | क्रियाकलाप | सम्पन्न | काम भइरहेको |
|---|---|---|---|
| | | प्रगतिको व्यहोरा | क) भइरहेको कामको व्यहोरा<br>ख) काम सम्पन्न हुन नसक्नुको कारण |
| १ | २ | ५ | ६ |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तरगतका निकायसँग सम्बन्धित कानूनमा आवश्यक संशोधन गर्ने । | | १. "भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी (दोस्रो संसोधन) कार्यविधि, २०७७" स्वीकृतिको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न माननीय उपप्रधानमन्त्रीज्यूकोमा पेश भएको ।<br>२. "भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद (तेस्रो संशोधन)कार्यविधि, २०७७" स्वीकृतिको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न माननीय उपप्रधानमन्त्रीज्यूकोमा पेश भएको ।<br>३. "भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (तेस्रो संशोधन) कार्यविधि, २०७७ "स्वीकृतिको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न माननीय उपप्रधानमन्त्रीज्यूकोमा पेश भएको ।<br>४. केही नेपाल ऐन संशोधन गर्ने ऐनको मस्यौदामा समावेश गर्ने गरी गरिवी निवारण कोष ऐन, २०६३ लाई संशोधन गर्ने गरी मस्यौदा तयार भैरहेको । |

| | | | |
|---|---|---|---|
| २ | फैसला कार्यान्वयनतर्फ | | १. यस कार्यालयको नाममा लगत रहेका फैसला/आदेशका फाइलहरू तयार गरी विद्युतीय अभिलेख राख्ने काम सम्पन्न भएको ।<br>२. यस कार्यालयमा वि.सं. २०७३ देखि प्राप्त हुन आएका फैसला/आदेश कार्यान्वयनको विद्युतीय माध्यममा अभिलेखीकरण गर्ने कार्य भइरहेको ।<br>३. विगतमा प्राप्त हुन आएका कतिपय आदेश/ फैसलाको पत्र मात्र प्राप्त हुन आएको तर फैसलाको पूर्णपाठ प्राप्त नभएको हुँदा आदेश कार्यान्वयनको अन्तिम प्रतिवेदन तयार गर्न समय लाग्न गएको । |
| ३. | नेपाल सरकारमा पर्न आएका पुनरावेदनसम्बन्धी कार्य | १. प्रहरी उपरीक्षक श्री दिल्लीराज विष्टलाई विभागीय सजाय हुने गरी गृह मन्त्रालयका सचिवबाट मिति २०७५।७।८ मा भएको विभागीय सजायको आदेश उपर प्रहरी नियमावली, २०७१ बमोजिम नेपाल सरकार समक्ष पर्न आएको पुनरावेदन सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७७/९/२० मा निर्णय भई निर्णय कार्यान्वयनको लागि गृह मन्त्रायमा पत्राचार गरिएको ।<br>२. नेपाल प्रहरीका प्रहरी निरीक्षक श्री जगदिश प्रसाद भट्टलाई विभागीय सजाय हुने गरी गृह मन्त्रालयका सचिवबाट मिति २०७५/७/८ मा भएको विभागीय सजायको आदेश उपर प्रहरी नियमावली, २०७१ बमोजिम नेपाल सरकार समक्ष पर्न आएको पुनरावेदन सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७७/९/२० मा निर्णय भई निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालयमा पत्राचार गरिएको । | |
| ४. | लिखित जवाफ/पुनरावेदन/प्रतिउत्तर पत्र :- | १. नेपाल सरकार, मन्त्रिपरिषद्, सम्माननीय प्रधानमन्त्री, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका ४३ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको। | |
| ५. | अन्य विधेयक/नियमावली/गठन आदेशतर्फ | १. नेपाल रेल्वे कम्पनी लिमिटेड कर्मचारी प्रशासन (सेवा, शर्त र सुविधा) विनियमावली, २०७७ स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको। | |

| | | |
|---|---|---|
| | | २. प्राइभेट फर्म रजिष्टेशन (तेह्रौं संशोधन) नियमावली, २०७० स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको।<br>३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको।<br>४. सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्ने प्रयोजनार्थ स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको ।<br>५. नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको।<br>६. कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको।<br>७. रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७ स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको । |

**मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा**

## ५.२२ मानव अधिकार शाखा, अन्तराष्ट्रिय कानून तथा सन्धि सम्झौता शाखा

- मा. परराष्ट्र मन्त्रीज्यूको संयोजकत्वमा UPR Session मा भाग लिने उच्च स्तरीय प्रतिनिधि मण्डलको गठन सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गरिएको ।
- UPR Session मा नेपालको तर्फबाट भाग लिने पदाधिकारीहरूको नामावली परराष्ट्र मन्त्रालयमार्फत् संयुक्त राष्ट्रसंघ पठाइएको ।
- UPR Session को लागि माननीय परराष्ट्र मन्त्री, गृह मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिवज्यूको Statement मस्यौदा गरिएको।
- मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन (UPR) को लागि तेस्रो चक्रको प्रतिवेदनको पुनरावलोकन कार्य सम्पन्न।
- मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिक्षकहरूले माग गरेको जानकारी तथा प्रश्नावलीको ३ वटा जवाफ तयार गरी सम्बन्धित निकायमा पठाइएको [ Response on Right to Adequate Housing, United Nations Entity for Gender Equality and the Empowerment of Women (UN-Women) ले लेखेको पत्र र नेपालमा महिलाको मानव अधिकार उल्लङ्घनको एक प्रतिनिधि घटना Srijana Raj Bhandari Shrestha सम्बन्धी विषय र चितवन राष्ट्रिय निकुञ्जस्थित चेपाङ्ग बस्ती भत्काएको लगायतका घटनाको सम्बन्धमा संयुक्त

राष्ट्र संघको Special Procedure अन्तर्गत Joint Communication मार्फत माग भइ आएको जवाफ] ।

- मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८/२०८१/८२) को अनुसाङ्गिक तथा फर्म्याट मिलाउने, डिजाइन गर्ने कार्य र छपाईका लागि मुद्रण विभाग पठाइएको।
- सन्धिजनित प्रतिवेदनहरूको अभिन्न अङ्गको रूपमा Common Core Document को प्रारम्भिक मस्यौदामा सम्बन्धित मन्त्रालयबाट प्राप्त राय प्रतिक्रियाको आधारमा मस्यौदा परिमार्जन गरिएको।
- सन्धिजनित प्रतिवेदनहरूको अभिन्न अङ्गको रूपमा Common Core Document नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गरिएको ।
- मानव अधिकार आयोगबाट प्रकाशित आयोगको २० वर्षका सिफारिसहरू र कार्यान्वयन अवस्था सम्बन्धी प्रतिवेदनको अध्ययन गर्दा खासगरी राहत तथा क्षतिपूर्ति उपलब्ध नगराइएका सिफारिसहरू को विवरण तयार गरिएको।
- मानव अधिकार आयोगबाट प्रकाशित आयोगको २० वर्षका सिफारिशहरू र कार्यान्वयन अवस्था सम्बन्धी प्रतिवेदनको अध्ययन गर्दा खासगरी राहत तथा क्षतिपूर्ति उपलब्ध नगराइएका सिफारिसहरूको विवरणहरू कार्यान्वयनको लागि गृह मन्त्रालय पठाइएको।
- राष्ट्रिय मानव अधिकार आयोगबाट यस वर्ष प्राप्त २२ वटा सिफारिसहरू कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएको ।

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयमा निर्णयहरूको प्रभावकारी रूपमा सूचना व्यवस्थापन गर्नका लागि प्रवक्ताको व्यवस्था गरिएको छ । कार्यालयले राजपत्रांकित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ताको रूपमा जिम्मेवारी दिने व्यवस्था गरेको छ भने अन्य सूचना समन्वय एवम् व्यवस्थापनको लागि सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा रहेको छ । यस शाखाका प्रमुख राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको रूपमा जिम्मेवारी दिने व्यवस्था गरिएको छ । तोकिएको ढाँचामा निवेदन दिई यस शाखामार्फत् आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

**प्रवक्ताको विवरण**

| | | |
|---|---|---|
| नाम | : | शंकर नेपाल |
| पद | : | सहसचिव |
| महाशाखा | : | प्रशासन महाशाखा |
| फोन नं. | : | ९७७-१-४२११०८० |
| ईमेलः | : | opmcmadmn@gmail.com |

**सूचना अधिकारीको विवरण**

| | | |
|---|---|---|
| नाम | : | कविता फुयाल |
| पद | : | उपसचिव |
| शाखा | : | सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१-४२००२७० |
| इमेल | : | kabita.phuyal@gmail.com |

## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- लगानी बोर्ड ऐन, २०६८

**नियमावली तथा कार्ययोजनाहरू**

- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४

**निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रीभोज एवम् उपहारसम्बन्धी निर्देशिका, २०७२

- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका,

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

1/25/2021 सरकारी लेखा प्रणाली (CGAS+)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यालय कोड नं.: ३०१००३५०१

खर्चको फाटवारी

पुष महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७७/७८
**बजेट उपशीर्षक :** ३०१०००११३-मन्त्रिपरिषद्

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|
| २१११२ | पारिश्रमिक पदाधिकारी | ४४,४००,०००.०० | ०.०० | ७,६६३,१४१.०० | १,५२३,१०८.०० | ९,१८६,२४९.०० | ०.०० | ९,१८६,२४९.० |
| २११२१ | पोशाक | १,५००,०००.०० | ०.०० | २७१,६६०.०० | ०.०० | २७१,६६०.०० | ०.०० | २७१,६६०.० |
| २११३२ | महंगी भत्ता | १,८००,०००.०० | ०.०० | २६९,५००.०० | ७२,०००.०० | ३४१,५००.०० | ०.०० | ३४१,५००.० |
| २२११२ | संचार महसुल | ५००,०००.०० | ०.०० | ८८,०००.०० | ४४,०००.०० | १३२,०००.०० | ०.०० | १३२,०००.० |
| २२२११ | इन्धन (पदाधिकारी) | ४,६००,०००.०० | ०.०० | १,४५३,२६५.०० | ६३,०००.०० | १,५१६,२६५.०० | ०.०० | १,५१६,२६५.० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३,०००,०००.०० | ०.०० | १,४६९,८१२.०० | १८१,४७५.०० | १,६५१,२८७.०० | ०.०० | १,६५१,२८७.० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३,०००,०००.०० | ०.०० | १०४,६६०.०० | ६५,३६०.०० | १७०,०२०.०० | ०.०० | १७०,०२०.० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३,५००,०००.०० | ०.०० | ६,२५०.०० | २७९,२००.०० | २८५,४५०.०० | ०.०० | २८५,४५०.० |
| २२७११ | विविध खर्च | १७,५००,०००.०० | ०.०० | ३,२०५,४०३.०० | १,९९३,४१२.०० | ५,१९८,८१५.०० | ०.०० | ५,१९८,८१५.० |
| | कुल जम्मा | ७९,८००,०००.०० | ०.०० | १४,५३१,६९१.०० | ४,२२१,५५५.०० | १८,७५३,२४६.०० | ०.०० | १८,७५३,२४६.० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यालय कोड नं.: ३०१००३५०१

## खर्चको फाटवारी

पुष महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७७/७८
**बजेट उपशीर्षक :** ३०१०००१२३-प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की |
|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १३१,५००,०००.०० | ०.०० | ४६,४८६,१६१.५० | ७,८७८,५९२.८० | ५४,३६४,७५४.३० | ०.०० |
| २११२१ | पोशाक | २,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २११३२ | महंगी भत्ता | ५,६००,०००.०० | ०.०० | १,७१०,३७१.०० | ३३६,३७९.०० | २,०४६,७५०.०० | ०.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २११३९ | अन्य भत्ता | १,९००,०००.०० | ०.०० | २९७,८७५.०० | ३०,१७५.०० | ३२८,०५०.०० | ०.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २००,०००.०० | ०.०० | १५,०९८.८० | २,६३१.४० | १७,७३०.२० | ०.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १,१००,०००.०० | ०.०० | ७७,६००.०० | १२,८००.०० | ९०,४००.०० | ०.०० |
| २२१११ | पानी तथा बिजुली | ६,४००,०००.०० | ०.०० | १,७५९,७३३.०० | ३००,०००.०० | २,०५९,७३३.०० | ०.०० |
| २२११२ | संचार महसुल | ३,२००,०००.०० | ०.०० | १,२८३,५४६.८० | १६५,२२४.५५ | १,४४८,७७१.३५ | १०,०००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२,१००,०००.०० | ०.०० | ३,४०५,५२०.०० | १,०३०,२७५.०० | ४,४३५,७९५.०० | १,०००,०००.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ५,१००,०००.०० | ०.०० | १,८३५,८४५.०० | २५५,३८२.०० | २,०९१,२२७.०० | ०.०० |
| | कुल जम्मा | ३१०,९००,०००.०० | ०.०० | १२८,३६२,२३३.६८ | १५,२२५,६५४.७५ | १४३,५८७,८८८.४३ | १,१५८,०००.०० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की |
|---|---|---|---|---|---|---|---|
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २,०००,०००.०० | ०.०० | ०.०० | ८,४५६.०० | ८,४५६.०० | ३०,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १,३००,०००.०० | ०.०० | ०.०० | ३१३,४६२.०० | ३१३,४६२.०० | ०.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १३,०००,०००.०० | ०.०० | ३,०८८,२८५.५८ | ९१९,६१२.०० | ४,००७,८९७.५८ | ४०,०००.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ७००,०००.०० | ०.०० | ९२,०७५.०० | ११२,१२५.०० | २०४,२००.०० | ०.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २,५००,०००.०० | ०.०० | ४,०००.०० | ७८९,५१८.०० | ७९३,५१८.०० | ०.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २२४११ | सेवा र परामर्श खर्च | १०,८००,०००.०० | ०.०० | ५२८,१८८.०० | ११३,९६७.०० | ६४२,१५५.०० | ०.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १,१००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | कुल जम्मा | ३१०,९००,०००.०० | ०.०० | १२८,३६२,२३३.६८ | १५,२२५,६५४.७५ | १४३,५८७,८८८.४३ | १,१५८,०००.०० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की |
|---|---|---|---|---|---|---|---|
| २२४१३ | करार सेवा शुल्क | १३,१००,०००.०० | ०.०० | ६,२४७,२९७.०० | २,४९६,३२९.०० | ८,७४३,६२६.०० | ०.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २२५२२ | कार्यक्रम खर्च | १६,९००,०००.०० | ०.०० | ४६,५००.०० | ०.०० | ४६,५००.०० | ०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ७,२००,०००.०० | ०.०० | १८४,९००.०० | १८८,३४०.०० | ३७३,२४०.०० | ०.०० |
| २२६१२ | भ्रमण खर्च | १,०००,०००.०० | ०.०० | ८९,२००.०० | ४७,७५०.०० | १३६,९५०.०० | ०.०० |
| २२७११ | विविध खर्च | ९,०००,०००.०० | ०.०० | १,२१०,०३७.०० | २२४,६३६.०० | १,४३४,६७३.०० | ७८,०००.०० |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ६०,०००,०००.०० | ०.०० | ६०,०००,०००.०० | ०.०० | ६०,०००,०००.०० | ०.०० |
| | कुल जम्मा | ३१०,९००,०००.०० | ०.०० | १२८,३६२,२३३.६८ | १५,२२५,६५४.७५ | १४३,५८७,८८८.४३ | १,१५८,०००.०० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

सरकारी लेखा प्रणाली (CGAS+)

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यालय कोड नं.: ३०१००३५०१

## खर्चको फाटवारी

पुष महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७७/७८
**बजेट उपशीर्षक :** ३०१०००१२४-प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी ब |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ११,०००,०००.०० | ०.०० | ७७९,१३५.०० | ३४१,१४७.०० | १,१२०,२८२.०० | ०.०० | १,१२०,२८२.०० | ९,८७९,( |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ४,९००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,९००,( |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,( |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १०,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,५००,( |
| कुल जम्मा | | २६,९००,०००.०० | ०.०० | ७७९,१३५.०० | ३४१,१४७.०० | १,१२०,२८२.०० | ०.०० | १,१२०,२८२.०० | २५,७७९,( |
| अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट ठेगाना निम्नानुसार रहेको छः https://www.opmcm.gov.np । बेवसाईटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यू लगायत यस कार्यालयसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी एवम् नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय

| सि.नं | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | कैलाली जिल्ला, साविक देवहरिया गाउँपालिका वडा नं. ९ स्थित ऐलानी पर्ति जग्गाका सम्बन्धमा मिति २०५९/११/१९ को मन्त्रिपरिषद्क बैठकको निर्णयसम्बन्धी सूचना माग गर्दै श्री लडे बोहराले यस कार्यालयमा मिति २०७७/०९/२६ गते निवेदन दर्ता गर्नुभएको । | माग गरेको सूचनाको विषय श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले आवश्यक कागजातसहित आवश्यक कार्यार्थ सम्बन्धित मन्त्रालयमा पठाई सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| २. | नेपालको सिमानाको सुरक्षाका सम्बन्धमा सूचना तथा जानकारी माग गर्दै अधिवक्ता श्री उत्तमबहादुर श्रेष्ठलगायतले यस कार्यालयमा मिति २०७७/०८/१० गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयसँग सम्बन्धित देखिएकोले सो निकायलाई पत्राचार गरी सोही सूचना प्रदान गरिएको । |
| ३. | श्री दीप चन्दले व्यक्तिगत सरोकारको सूचना माग गर्दै यस कार्यालयमा मिति २०७७/०८/०४ मा निवेदन दर्ता गर्नुभएको । | उक्त निवेदन तथा आवश्यक कागजातहरू आवश्यक कारबाहीको लागि गृहमन्त्रालय पठाइएको तथा निवेदकलाई सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| ४. | नेपालको औपचारिक नाम नेपालीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल र अंग्रेजीमा Federal Democratic Republic of Nepal लेख्ने गरिएकोमा अब उप्रान्त नेपालको औपचारिक नाम नेपालीमा नेपाल र अंग्रेजीमा Nepal लेख्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णयको प्रतिलिपिसम्बन्धी सूचना माग गर्दै मिति २०७७/०७/०९ गते निवेदन दर्ता गर्नुभएको । | उक्त विषयको प्रस्ताव कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट पेश भई निर्णय भएको तथा कार्यान्वयनका लागि सोही मन्त्रालय पठाइएकोले सम्बन्धित मन्त्रालयबाटै सूचना लिनुहुन अनुरोध गरी सोही व्यहोराको सूचना प्रदान गरिएको । |

| | | |
|---|---|---|
| ५. | मिति २०७७/०७/०५ मा राष्ट्रपतिको कार्यालयबाट प्रेषित श्री शारदा भुषाल झा र श्री गीता देवी ढकालले पेश गर्नुभएको अनुचित कार्य गरेको बारे विषयको सूचना पाउँ भन्ने निवेदन यस कार्यालयमा २०७७/०७/१३ मा प्राप्त भएको । | उपरोक्त पत्रमा उल्लेखित सूचना यस कार्यालयबाट यस अघि नै प्रदान गरिएको । |
| ६. | तत्कालीन सञ्चार मन्त्रीज्यूले सरकारी सञ्चार माध्यमहरूलाई नेवारी भाषालाई नेपाल भाषा भनी समाचार प्रकाशित गर्नेसम्बन्धी भएको निर्देशनको प्रमाणित प्रतिलिपिसम्बन्धी सूचना माग गरी श्री रूक्साना कपाली, ललितपुरले मिति २०७७/०७/१७ मा यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | यस विषयको सूचना श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही मन्त्रालयबाट प्राप्त गर्नुहुन अनुरोध गरिएको व्यहोराको सूचना प्रदान गरिएको । |

•••